**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २९ गते शुक्रबार ❑ 12 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## सेती पुलको दोस्रो पटक म्याद थप

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



पृथ्वीराजमार्गअन्तर्गत पर्ने पोखराको पृथ्वीचोकस्थित सेती नदीमा निर्माणाधीन सेती पुलको दोस्रो पटक म्याद थप गरिएको छ।

मुग्लिन-पोखरा सडक आयोजना पश्चिम खण्डअन्तर्गत निर्माणाधीन यस पुलको म्याद विसं २०८३ फागुन २१ गतेसम्म पुऱ्याइएको हो। सेतीको हालको पुलको 'अपस्ट्रिम' र 'डाउनस्ट्रिम' १९० मिटरका दुईवटा पक्की पुल रु एक अर्ब सात करोड लागतमा निर्माण गर्नका लागि विसं २०७९ भदौ २६ गते ठेक्का सम्झौता गरिएको थियो। एसियाली विकास बैङ्कको ऋण सहयोगमा सडक विभागअन्तर्गत निर्माण भइरहेको पुल तीन वर्षभित्रमा सम्पन्न गर्ने गरी एम/एस रसुवा कन्स्ट्रक्सन कम्पनी प्रालिसँग सम्झौता भए पनि काम नसकिएपछि गत भदौमा पहिलोपटक म्याद थप गरिएको थियो।

हालसम्म पुलको ६१ प्रतिशत हाराहारीमा भौतिक प्रगति भएको मुग्लिन पोखरा सडक आयोजना पश्चिम खण्डका आयोजना प्रमुख कृष्णबहादुर कुँवरले बताउनुभयो। उहाँका अनुसार अब निर्माण कार्यका लागि कुनै अवरोध नभएकाले निर्माण कम्पनीले तीव्रताका साथ काम गरेर तोकिएको म्यादभित्र सम्पन्न हुनेछ। सेती नदीको उत्तर साइडमा कारवासलगायत जग्गाधनी तथा व्यवसायीलाई सडकबाट एसियाली विकास बैङ्कको नीतिअनुसार सडक पहुँच दिनुपर्ने कारणले दुई वटा घर भत्काउनु परेको थियो। तर, जग्गाधनीको मागअनुसार यसको क्षतिपूर्ति र मुआब्जा दिनुपर्नेलगायत विषयमा सहमति नहुँदा ढिलाइ भएको बताइन्छ। पछिल्लो समय दुई जना जग्गाधनी केदार पौडेल र माधव पौडेलले समेत मुआब्जा बुझेको र असार पहिलो साताभित्रमा संरचना खाली गर्ने प्रतिबद्धता जनाएको आयोजना प्रमुख कुँवरले बताउनुभयो। निर्माण कम्पनीले चीनबाट सामान ल्याउन ढिलाइ भएको तथा खानेपानी पाइप स्थानान्तरणलगायत समस्या देखाउँदै ढिलाइ गरेपछि काममा विलम्ब भएको थियो। "जग्गाधनीले मुआब्जामा चित्त नबुझेको भन्दै प्रशासनले निर्धारण गरेको रकम बुझ्न मान्नुभएको थिएन, जसका कारणले समेत काममा अवरोध भयो। केही दिनअघि उहाँहरूले मुआब्जा लिनुभएको छ। अब साइडमा कुनै पनि समस्या छैन, काम रोकिने अवस्था आउँदैन," कुँवरले भन्नुभयो।

सेती पुलको हालसम्म १२० पाइल फाउण्डेसन सकिएको, पाइल क्याप तथा चार वटा टावरको काम सकिएको छ। यसैगरी, एउटा पुलमा गर्डर र क्रस गर्डरको काम सकिएको छ।

## पर्यटन प्रर्द्धनका लागि 'नेपाल बुझ्न गोरखा जाऔँ' अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

गोरखाका पर्यटन व्यवसायीले पोखरासहित आसपासका क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'नेपाल बुझ्न गोरखा जाऔँ' अभियान सुरु गर्ने निर्णय गरेका छन्। होटल सङ्घ गोरखाको पहलमा पर्यटन प्रवर्‌्द्धन कार्यक्रम आयोजना गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई गोरखा भ्रमणको निम्तो दिएका हुन्।

सङ्घले बिहीबार पोखरामा पृथ्वी होटल व्यवसायी समितिसँगको सहकार्यमा पर्यटकीय सम्भावनाका बारेमा अन्तरक्रिया तथा प्रवर्‌्द्धनात्मक कार्यक्रम आयोजना गरी आन्तरिक तथा बाह्य पर्यटन सम्भावना उजागर गरेको हो।

पर्यटन व्यवसायीहरूले पोखरा र गोरखाबीचको ऐतिहासिक तथा सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउँदै पर्यटक आवागमन बढाउने उद्देश्यले प्रवर्‌्द्धनात्मक अभियान निरन्तर सञ्चालन गर्नेमा जोड दिएका छन्। गोरखाको प्रमुख आकर्षकमध्ये मनकामना मन्दिर धार्मिक पर्यटकका लागि महत्त्वपूर्ण गन्तव्य मानिनुका साथै केबलकारमार्फत सहज पहुँच हुने यस मन्दिरमा देश तथा विदेशबाट हजारौँ भक्तजन पुग्ने गरेकाले यस क्षेत्रको प्रवर्‌्द्धन जोड दिइएको होटल व्यवसायी महासङ्घका केन्द्रीय उपाध्यक्ष भाइचन्द्र श्रेष्ठले बताउनुभयो।

यसैगरी विश्वको आठौँ अग्लो हिमाल मनास्लुसहित मनास्लु संरक्षण क्षेत्रलगायतले गोरखामा साहसिक तथा पदयात्रा पर्यटनलाई थप आकर्षक बनाएको उहाँको भनाइ छ। गोरखा नेपालको एकीकरणको उद्गमस्थल मात्र नभई ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण जिल्लाका रूपमा परिचित रहेकाले गोरखाको भ्रमणबाट

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कार दुर्घटनामा पूर्व बैंकर रेशमबहादुर थापाको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ



पोखराका पूर्व बैंकर रेशम बहादुर थापाको दुर्घटनामा परी निधन भएको छ।

बिहीबार बेगनास-भोर्लेटार सडकखण्डको पचभैयामा कार दुर्घटनामा परी उनको निधन भएको जिल्ला प्रहरी कार्यालय, कास्कीले जनाएको छ।

उक्त सडकखण्ड हुँदै पोखरा आउने क्रममा उनले चलाएको बा १३ च ४२०९ नम्बरको कार बिहीबार बेलुका ६ बजेर २५ मिनेटमा पचैयामा दुर्घटनामा भएको हो। दुर्घटनामा घाइते थापालाई तत्काल मोहरियास्थित सामुदायिक अस्पताल लगिएकोमा चिकित्सकले ७ बजेर १५ मिनेटमा मृत घोषणा गरेको जानकारी जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले दिए। दुर्घटनाबारे प्रारम्भिक अनुसन्धान भइरहेको उनले बताए। डिएसपी पासवानका अनुसार कारमा अरु सवार नरहेको प्रारम्भिक जानकारी छ। थापा पोखराको गण्डकी विकास बैंकका पूर्व प्रमुख कार्यकारी अधिकृत हुन्। उनी विभिन्न संघसंसथमा आबद्ध थिए।

## पोखरा दुबई सिधा उडानका लागि टिकट बुकिङ खुला

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट संयुक्त अरब इमिरेट्स (यूएई) दुबईका लागि उडान सञ्चालन हुन लागेको छ।

आगामी असोज ७ गतेदेखि नियमित उडान सञ्चालन हुने खबरले यहाँका पर्यटन व्यावसायिक उत्साहित बनेका छन्। विमानस्थल सञ्चालनमा आएको तीन वर्षपछि नियमित अन्तरराष्ट्रिय उडान सुनिश्चित भएको हो।

दुबईस्थित वायुसेवा कम्पनी फ्लाई दुबईले उक्त मितिदेखि दैनिक उडान सञ्चालन गर्ने गरी टिकट बुकिङ खुला गरेको छ। यसैसाथ पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलोपटक नियमित अन्तरराष्ट्रिय व्यावसायिक उडान सञ्चालन हुने भएको हो। पोखरा प्राकृतिक सौन्दर्य, साहसिक पर्यटन र सांस्कृतिक सम्पदाले सम्पन्न सहर हो। अब अन्तरराष्ट्रिय हवाई पहुँच विस्तारसँगै यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा नयाँ सम्भावना खुलेको छ। यसअघि विमानस्थलबाट चीन, भुटानलगायत मुलुकमा चार्टर उडान तथा भारततर्फ आकस्मिक मेडिकल उडान मात्र हुँदै आएका थिए।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले दुबई उडानलाई पोखराको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने महत्वपूर्ण उपलब्धिका रूपमा लिएको बताउनुभयो।

उहाँले केवल हवाई सेवा थपिएको विषय नभई पर्यटन प्रवर्द्धन, लगानी आकर्षण तथा काठमाडौँ केन्द्रित हवाई चापलाई विकेन्द्रीकरण गर्ने अवसर भएको बताउनुभयो। होटल सङ्घ नेपालका केन्द्रीय सदस्य भरत पराजुलीले संयुक्त अरब इमिरेट्स (यूएई) का महामहिम राजदूतसँग पर्यटन आदान-प्रदान तथा पोखरा-यूएई सिधा उडान सञ्चालनका विषयमा भएको छलफल सकारात्मक र उपलब्धिमूलक रहेको स्मरण गर्नुभयो।

"यूएईसम्म नियमित उडान सञ्चालन हुनुले पर्यटन, व्यापार, लगानी तथा जनस्तरको सम्बन्ध विस्तारमा महत्वपूर्ण योगदान पुग्नेछ," उहाँले भन्नुभयो। पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठले दुबई उडानले पोखराको पर्यटन उद्योगलाई नयाँ ऊर्जा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

महिला पर्यटन व्यवसायी मञ्च (ओटेफ) का अध्यक्ष ममता न्यौपानेले पोखरा-दुबई नियमित उडानको सुरुआतले पोखराको पर्यटन क्षेत्रलाई अन्तरराष्ट्रिय बजारसँग प्रत्यक्ष रूपमा जोड्ने महत्वपूर्ण अवसर सिर्जना गरेको बताउनुभयो।

दैनिक उडान सञ्चालनमा आएपछि गण्डकी प्रदेश तथा आसपासका जिल्लाका वैदेशिक रोजगारीमा जाने युवा, उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थी तथा अन्य यात्रु प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

सन् २०२३ जनवरी १ मा उद्घाटन गरिएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय व्यावसायिकउडानकोसुरुआतसँगै पोखरा मुलुकको दोस्रो प्रमुख अन्तरराष्ट्रिय हवाई प्रवेशद्वारका रूपमा थप स्थापित हुने अपेक्षा गरिएको छ।

फ्लाई दुबईले सञ्चालन गर्ने उक्त सेवाका लागि यात्रुहले कम्पनीको आधिकारिक वेबसाइट तथा मान्यता प्राप्त ट्राभल एजेन्सीमार्फत टिकट बुकिङ गर्न सक्ने जनाइएको छ।

## पोखराको पर्यटनमा थपिँदै नयाँ परियोजना

**पोखरापत्र संवाददाता**
रासस, २८ जेठ

पोखराको दिगो पर्यटन विकासका लागि पोखरा महानगरपालिकाले एसियाली विकास बैंकको आर्थिक सहयोगमा नयाँ परियोजना सञ्चालन गर्ने भएको छ।

महानगरपालिकामा सञ्चालित क्षेत्रीय सहरी विकास परियोजना तथा सहरी उत्थानशीलता र जीवनयापन सुधार आयोजनाअन्तर्गत पर्यटकीय क्षेत्र पञ्चासे जोड्ने गरी साइकल लेनसहितको विशेष पहुँच मार्ग र अध्ययन केन्द्र निर्माण गरिने भएको हो।

पोखरा महानगरपालिका-२३ घाँटीछिनाबाट कास्की, पर्वत र स्याङ्जाको सङ्गमस्थल पञ्चासेको भञ्ज्याङसम्म निर्माण गरिने विशेष पहुँच मार्गको बोलपत्रसम्बन्धी कागजात र सङ्क्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरिएको महानगरप्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

महानगर कार्यपालिकाको आजको बैठकबाट उक्त प्रतिवेदन स्वीकृत भएसँगै पोखराको दिगो पर्यटन विकास र समृद्धिका नयाँ पहल अगाडि बढेको उहाँले बताउनुभयो। उक्त आयोजनाको लागत अनुमान रु एक अर्ब ३० करोड रहेको छ। आयोजनाले पोखराको पर्यटन प्रवर्‌्द्धन, दिगो सहरी यातायात र पर्यावरणमैत्री पूर्वाधार निर्माण, जैविक विविधताको अध्ययन तथा अनुसन्धानका लागि ठूलो योगदान पुऱ्याउने विश्वास लिइएको महानगरप्रमुख आचार्यले बताउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा-गोरखा-बन्दीपुरलाई जोडेर ग्रामीण पर्यटनको नयाँ सर्किट विकास गर्नुपर्नेमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

गण्डकी प्रदेशको राजधानी पोखरा, गोरखा र बन्दीपुर लाई एकीकृत पर्यटकीय सर्किटका रूपमा विकास गर्दै ग्रामीण पर्यटन प्रवर्द्धन गर्नुपर्नेमा पर्यटन व्यवसायी तथा सरोकारवालाहरूले जोड दिएका छन् ।

बिहीबार पोखरामा आयोजित अन्तरक्रिया कार्यक्रममा वक्ताहरूले यी तीन गन्तव्यलाई जोडेर गण्डकी प्रदेशको पर्यटनलाई थप सशक्त बनाउन सकिने धारणा व्यक्त गर्नु भएको हो । 'नेपाल घुम्न गोरखा जाऔँ' नारासहित होटल व्यवसायी संघ गोरखा को नेतृत्वमा गोरखाका पर्यटन व्यवसायीहरू पर्यटन प्रवर्द्धन अभियान लिएर पोखरा आउनुभएको छ ।

पृथ्वी होटल व्यवसायी समितिको सहकार्यमा आयोजित भेटघाट तथा अन्तरक्रिया कार्यक्रममा पर्यटन क्षेत्रका व्यवसायी, संघसंस्था तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा, चितवन र लुम्बिनी लाई जोडेर 'सिल्भर ट्रायङ्गल' अवधारणाको विकास भइसकेको बताउँदै यसमा बन्दीपुर र गोरखालाई समेत समेट्ने गरी नेपाल पर्यटन बोर्ड ले योजना अघि बढाइरहेको जानकारी दिनुभयो । उहाँले गण्डकी प्रदेशका सबै जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको उल्लेख गर्दै गोरखाको धार्मिक तथा सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रियस्तरमा जोड्ने प्रयास भइरहेको बताउनुभयो। गोरखास्थित गोरखनाथ बाबा र भारतको गोरखपुर बीच धार्मिक तथा सांस्कृतिक भाइचाराको सम्बन्ध विस्तार गर्ने सोचमा पर्यटन बोर्ड रहेको उहाँको भनाइ थियो ।

होटल व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष भाइचन्द्र श्रेष्ठ ले पर्यटन गण्डकी प्रदेशको साझा सम्पत्ति भएको बताउँदै नेपालको इतिहास, सभ्यता र एकताको आधार बुझ्न गोरखा पुग्नैपर्ने धारणा राख्नुभयो । उहाँले पोखराबाट दुबईमा सिधा अन्तर र्राष्ट्रिय हवाई उडान सञ्चालन हुने तयारीले गोरखा क्षेत्रको पर्यटनसमेत उत्साहित बनेको उल्लेख गर्नुभयो । "विदेशी पर्यटक पोखरा आउने क्रम बढेसँगै त्यसको प्रत्यक्ष लाभ गोरखा, बन्दीपुर लगायत आसपासका गन्तव्यले पनि लिन सक्नुपर्छ," उहाँले भन्नुभयो । टान गण्डकीका अध्यक्ष कृष्ण आचार्य ले पर्यटन क्षेत्रका व्यवसायी र सरोकारवालाबीचको सहकार्यबाट मात्रै दिगो पर्यटन विकास सम्भव हुने बताउनुभयो ।

गोरखाको सम्भावना अनुसार प्रचारप्रसार हुन नसकेको उल्लेख गर्दै उहाँले पोखरा-गोरखा बीच पर्यटकमैत्री सुविधा सम्पन्न बस सेवा नियमित सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य बालकृष्ण न्यौपानेले नेपालको वास्तविक इतिहास बुझ्न गोरखा पुग्नुपर्ने बताउँदै गोरखाको ऐतिहासिक महत्वलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न आवश्यक रहेको धारणा राख्नुभयो । पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष अम्बिका घिमिरे अमृत ले गोरखा आएका पर्यटकलाई पोखरा र पोखरा आएका पर्यटकलाई गोरखा पुग्ने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । यसका लागि संयुक्त प्रवर्द्धन अभियान र प्याकेज कार्यक्रम आवश्यक रहेको उहाँको भनाइ थियो ।

पृथ्वी होटल व्यवसायी समिति पोखराका अध्यक्ष मोति श्रेष्ठ ले यस्ता अन्तरक्रियात्मक कार्यक्रमले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । त्यसैगरी पृथ्वी दर्शन गोर्खाका कार्यवहाक अध्यक्ष कृष्ण लामिछाने ले गोरखा केवल घुम्ने गन्तव्य मात्र नभई बुझेर फर्किनुपर्ने ऐतिहासिक भूमि भएको बताउनुभयो । उहाँले गोरखा, बन्दीपुर र पोखरालाई एउटै पर्यटकीय प्याकेजमा समेटेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्नुपर्ने माग गर्नुभयो । वक्ताहरूले गण्डकी प्रदेशभित्र रहेका ऐतिहासिक, धार्मिक, प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई एकीकृत रूपमा प्रवर्द्धन गर्न सके पर्यटन बसाइ अवधि बढ्ने, स्थानीय अर्थतन्त्र चलायमान हुने र ग्रामीण पर्यटनले नयाँ गति लिने विश्वास व्यक्त गरेका थिए । विशेषगरी पोखरा-गोरखा-बन्दीपुर सर्किटलाई ग्रामीण पर्यटनको नमूना मार्गका रूपमा विकास गर्न आवश्यक रहेको उहाँहरुको जोड थियो ।

## पर्यटन ...

मात्र नेपाल बुझ्न सकिने उपाध्यक्ष श्रेष्ठले बताउनुभयो ।

गोरखा दरबार, मनकामना मन्दिर, लिगलिगकोट, गोरखनाथ गुफा, गोरखकाली मन्दिर, मनास्लु क्षेत्र, उपत्यका तथा विभिन्न हिमश्रृङ्खलाले गोरखालाई नेपालको प्रमुख पर्यटन गन्तव्य बनाएको उहाँको भनाइ छ। "गोरखा घुमेर मात्र गण्डकीको पर्यटन पूर्ण हुन्छ । नेपाल एकीकरण यहीँबाट सुरु भएकाले नेपाल बुझ्नका लागि गोरखा पुग्नै पर्छ । पर्यटकले इतिहास, संस्कृति र प्रकृतिको अनुपम सङ्गम अनुभव गर्न सक्छन् ।

आन्तरिक पर्यटन प्रवर्द्धनका लागि एकअर्का सहरमा रहेका व्यवसायका बीचमा निरन्तर रूपमा अन्तरक्रिया अनुभव आदानप्रदान आवश्यक छ", श्रेष्ठले भन्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले पोखरा, चितवन, लुम्बिनी जोडेर 'सिल्भर ट्रायङ्गल'को अवधारणा विकास भएको जनाउँदै यसमा बन्दीपुर र गोरखालाई समावेश गर्ने बोर्डको योजना रहेको बताउनुभयो ।

गोरखाको गोखनाथ बाबा र भारतको गोरखपुरबीच भाइचाराको सम्बन्ध विस्तार गर्ने सोचमा अफूहरू रहेको उहाँले बताउनुभयो । "पोखराबाट गोरखासम्मको छोटो दूरी, सहज यातायात पहुँच तथा ऐतिहासिक सम्पदाको संरक्षणले पर्यटन विकासको ठूलो सम्भावना छ", लामिछानेले भन्नुभयो ।

ट्रेकिङ एजेन्ट्स एशोसिएसन अफ नेपाल(टान) गण्डकीका अध्यक्ष कृष्ण आचार्यले पोखराबाट गोरखासम्म पर्यटकीयस्तरको सुविधा सम्पन्न बस दैनिक रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । होटल व्यवसायी महासङ्घ केन्द्रीय सदस्य बालकृष्ण न्यूरेले नेपालको इतिहास बुझ्न गोरखा जानुपर्छ भनेर सबैलाई बुझाउनु आवश्यक रहेकामा जोड दिनुभयो । पृथ्वी होटल व्यवसायी समितिका पूर्वअध्यक्ष अम्बिका घिमिरेले गोरखामा आएका पर्यटक पोखरा र पोखरा आएका पर्यटक गोरखा जाने वातावरण बनाउनुपर्ने बताउनुभयो । पृथ्वी दर्शन गोर्खाका कार्यवाहक अध्यक्ष कृष्ण लामिछाने, पृथ्वी होटल व्यवसायी समिति पोखराका अध्यक्ष मोती श्रेष्ठलगायत वक्ताले गण्डकी प्रदेशका पर्यटकीय स्थलहरूको एउटा छुट्टै प्याकेज बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।




# कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै

**रासस**
काठमाडौं, २८ जेठ

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले कर प्रणालीलाई सरल र पारदर्शी बनाउँदै लगिएको दाबी गर्नुभएको छ।

प्रतिनिधिसभा अन्तर्गत सार्वजनिक लेखा समितिको बैठकमा आयकर, अन्तःशुल्क तथा भन्सार प्रणालीमा गरिएका सुधार विगत केही वर्षयताकै महत्वपूर्ण संरचनागत सुधार रहेको बताउनुभयो । "केही वस्तुमा करसम्बन्धी सुधार गरिएको छ, कर प्रणालीलाई क्रमशः सरल र पारदर्शी बनाउँदै लगिएको छ", उहाँले भन्नुभयो । बैठकमा अर्थमन्त्री डा वाग्लेले आर्थिक विधेयकमा संशोधन गरी करका दर परिवर्तन गरिएको भन्ने आरोप अस्वीकार गर्नुभयो । उहाँले रगत तथा भ्याक्सिन बोक्ने क्यारियरको भन्सार दर, शिक्षासम्बन्धी कर व्यवस्था तथा विद्युतीय सवारीसाधनमा रोड डेभलपमेन्ट शुल्कसम्बन्धी छुटेका विषय समेट्न संशोधन गरिएको स्पष्ट पार्नुभयो । अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा गरिएको संशोधनलाई लिएर उठाइएका कर हेरफेर तथा अनियमिततासम्बन्धी आरोप निराधार रहेको बताउनुभयो । बैठकमा जवाफ दिनुहुँदै अर्थमन्त्री वाग्लेले आर्थिक विधेयकमा देखिएका विषय नीतिगत परिवर्तन नभई कर्मचारीस्तरमा भएका सामान्य प्राविधिक त्रुटि सच्याउने काम मात्र भएको स्पष्ट पार्नुभयो ।

# ३ क्याम्पसका विद्यार्थी र प्राध्यापकलाई युआरएलमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २८ जेठ

पोखरा महानगरका ३ क्याम्पसका प्राध्यापक, विद्यार्थी, कर्मचारी र क्याम्पस परिवारले युनाइटेड रेफरेन्स ल्याबोरेटरी प्रालि(युआरएल)का सेवामा छुट पाउने भएका छन् ।

गण्डकी प्रदेशकै पहिलो र एकमात्र आइएसओ प्रमाणपत्र प्राप्त रेफरेन्स ल्याब युआरएलसँग कालिका बहुमुखी क्याम्पस, जनप्रिय बहुमुखी क्याम्पस र कालिका बहुमुखी क्याम्पसको छुट्टाछुट्टै सम्झौता भएको छ ।

यी क्याम्पसका विद्यार्थी, प्राध्यापक, कर्मचारी तथा क्याम्पस सञ्चालक समितिका सदस्य र सिनेटरले युआरएलका हरेक रक्त परीक्षणमा ३० प्रतिशत छुट पाउने छन् । सेवा लिन उनीहरुले क्याम्पसले जारी गरेका परिचयपत्रसहित आउनुपर्ने र यो



सम्झौता २०८५ जेठसम्म लागू हुने युआरएलका प्रबन्ध निर्देशक गणेशप्रसाद कोइरालाले बताए

उनले गुणस्तरीय, विश्वसनीय र सहज स्वास्थ्य परीक्षण सेवामा पहुँच प्रदान गर्न युआरएलले विभिन्न संघ, संस्थासँग छुट सम्झौता र स्वास्थ्य शिविरहरु गर्दै आएको जनाए । 'आगामी दिनमा समेत यस्तै सहकार्य र साझेदारीमार्फत समुदायको स्वास्थ्य प्रवर्द्धनमा सँगै अघि बढ्ने छौं,' उनले भने ।

गण्डकी प्रदेशकै पहिलो र अग्रणी ल्याब भएकाले सहज र सरल सेवा र सामाजिक उत्तरदायित्व वहनमा पनि अग्रणी र उदाहरणीय बन्न यस खालको सहकार्य भएको युआरएल अध्यक्ष ठाकुरप्रसाद पन्थको भनाइ छ । करिब १३ वर्षअघि स्थापना भएको युआरएलले गण्डकी प्रदेशका २४ स्थानबाट सेवा प्रवाह गर्दै आएको छ ।

# मनाङ, फेरिचे र सगरमाथा आधार शिविरमा एक हजार ३६२ बिरामीको उपचार

**रासस**
काठमाडौं, २८ जेठ

हिमालय उद्धार सङ्घले वसन्त ऋतुमा हिमाल आरोहणका लागि जाने एक हजार ३६२ बिरामीको उपचार गरेको छ । बिहीबार यहाँ आयोजित एक कार्यक्रममा मनाङ, फेरिचे र सगरमाथा आधार शिविरमा एक हजार ३६२ बिरामीको उपचार गरिएको सङ्घले जनाएको हो ।

सङ्घको बिहीबार यहाँ आयोजित ५३औँ वार्षिकोत्सव कार्यक्रममा पछिल्लो समय हिमाली क्षेत्रमा सञ्चालित विभिन्न स्वास्थ्य केन्द्रमा उपचार गराउने बिरामीको सङ्ख्या बढेको जानकारी दिइएको हो । सङ्घका नवनिर्वाचित अध्यक्ष डम्बर पराजुलीले मनाङ, फेरिचे र सगरमाथा आधार शिविरमा उपचार गराउने स्वदेशी तथा विदेशी पर्वतारोहीको सङ्ख्या बढेको बताउनुभयो । सङ्घका अनुसार सबैभन्दा बढी सगरमाथा आधार शिविरमा ६०६, फेरिचेमा ४२० र मनाङमा ३३६ बिरामीले सेवा लिएका छन् । सेवा लिएकामध्ये ९५० नेपाली र ४१२ जना विदेशी रहेका अध्यक्ष पराजुलीले जानकारी दिनुभयो । हिमाली क्षेत्रमा हुने आकस्मिक उद्धार र स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

सङ्घको यही जेठ १८ गते भएको निर्वाचनबाट पराजुलीको नेतृत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको छ। पराजुली दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्वाचित हुनुभएको हो । कार्यसमितिको उपाध्यक्षमा सुशीलकृष्ण अधिकारी, महासचिवमा प्रयुश न्यौपाने, कोषाध्यक्षमा तुलसी गुरुङ, सदस्यमा ज्ञानेन्द्रकुमार श्रेष्ठ, विकास शाह रैनियार, डा सुभास दवाडी, नरबहादुर अस्तानी र दावा स्टिभेन शेर्पा निर्वाचित हुनुभएको छ ।

त्यस्तै, संस्थागत सदस्यमा थामसेर्कु ट्रेकिङ प्रालिका डा यादव अधिकारी र मोनतेरोसा ट्रेक्स एण्ड एक्सपिडिसन प्रालिका गणेशबहादुर न्यौपाने निर्वाचित हुनुभएको छ । नवनिर्वाचित कार्यसमितिलाई आजै शपथ ग्रहण गराएर प्रमाणपत्र प्रदान गरिएको छ । उहाँहरूलाई मुख्य निर्वाचन अधिकृत कुमारप्रसाद घिमिरेले प्रमाणपत्र प्रदान गर्नुभएको हो ।नेपालका हिमाली क्षेत्रमा पर्यटक तथा पदयात्रीको स्वास्थ्य र सुरक्षाका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको सङ्घले सोलुखुम्बुको सगरमाथा आधार शिविर, फेरिचे, मनाङको मनाङ गाउँ र जनैपूर्णिमाका अवसरमा रसुवाको गोसाइँकुण्डमा हेल्थ क्याम्प राखेर स्वास्थ्योपचार गर्दै आएको सङ्घका प्रमुख कार्यकारी अधिकृत गोविन्द बस्यालले जानकारी दिनुभयो ।

# कांग्रेसको क्रियाशील सदस्यता चार लाख ५७ हजार ३६६ जनाले अद्यावधिक गरे

**रासस**
काठमाडौं, २८ जेठ

नेपाली कांग्रेसका महामन्त्री एवम् सदस्यता व्यवस्थापन केन्द्रीय समितिका संयोजक प्रदीप पौडेलले क्रियाशील सदस्यता समयमै अद्यावधिक गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभएको छ।

महामन्त्री पौडेलले आज एक विज्ञप्ति जारी गरी पार्टीको क्रियाशील सदस्यता अद्यावधिक गर्ने म्याद भोलि (जेठ २८) गते राति १२ बजे समाप्त हुन लागेको भन्दै छुटेकालाई अद्यावधिक गर्न आग्रह गर्नुभएको हो। महामन्त्री पौडेलले क्रियाशील सदस्यता अद्यावधिक गर्न योग्य कुल सात लाख ८२ हजार २०९ जना सदस्यमध्ये आजसम्म चार लाख ५७ हजार ३६६ जनाले अद्यावधिक गरिसकेको बताउनुभयो ।

यस्तै, एक लाख २४ हजार ७४८ जना सदस्यले अद्यावधिक फारम पेस गरी प्रक्रियामा रहेका उहाँले बताउनुभयो । महामन्त्री पौडेलले सदस्यता अद्यावधिक गर्न छुट्नुभएका सम्पूर्ण सदस्यलाई भोलि रातिसम्म अनिवार्य रूपमा प्रक्रिया पूरा गर्न अनुरोध गर्नुभएको छ। कांग्रेसले पार्टीको आन्तरिक प्रणालीलाई प्रविधिमैत्री बनाउन र वास्तविक सदस्यको तथ्याङ्क एकीकृत गर्न यो अभियान सञ्चालन गरेको हो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

ऋण लिने दिने मान्छे नै सबैभन्दा दु:खी हुन्छ ।
– थोमस फुलर

## सम्पादकीय

# अर्थमन्त्रीमा पलाएको घमण्ड

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आफूमाथि लागेका भ्रष्टाचारका आरोपहरूको प्रतिवाद गर्दै अनियमितता प्रमाणित भए पद त्याग गर्ने घोषणा गरेका छन् । काङ्ग्रेसको राजनीति गरेर पद प्राप्त गरेका अर्थमन्त्री वाग्लेले विपक्षीलाई दोष देखाउन खोज्दा आफ्नै विगत विर्सन थालेका छन । बजेटमा करका दरमा हेरफेर गरेको आरोपबारे छानबिनका लागि तयार नभएपछि उल्टै आलोचकलाई धम्क्याउने काम गरेका छन । आफ्नो गल्ती सच्याउन भन्दा धम्क्याउने कामले उनको कद घटाउँछ ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा बोल्दै उनले प्रश्न उठाउने सांसदहरूका पुराना काण्डहरू समेत सार्वजनिक हुने चेतावनी दिएका छन । अर्थ मन्त्रालयमा बसेर करका दरमार्फत निश्चित व्यापारीलाई पोसेको भन्ने आरोपको खण्डन गर्दै उनले आफूमाथि लागेको २ अर्बको आशङ्का निराधार रहेको दाबी गरे।जस्तो समिति बनाए पनि छानबिनका लागि तयार छु भन्न सक्नुपर्छ ।

उनले सार्वजनिक लेखा समितिमा समेत आफूविरूद्ध आएका समाचारहरूको खण्डन गरेको उल्लेख गर्दै जनताले सुशासनका लागि दिएको मतको अपमान नगर्ने प्रतिबद्धता व्यक्त गरे। सरकारमा पुगेपछि के गरेका छौं भनेर सोच्ने फुर्सद छैन । हिजोको जनमत आज कायम हुन सक्दैन । सुशासनको कठोर प्रतिबद्धता सहित आएको दुई महिनामै जनतालाई धोका दिन नसकिने जिकिर गर्दै उनले आफूमाथि औंलो ठड्याउनेहरूलाई पनि नैतिक उचाइ कायम राख्न चुनौती दिए ।

उनले आफ्नो बारेमा प्रश्न उठाउने सांसदहरूलाई तपाईंहरूको पनि काण्डहरू थाहा नभएको हो? भन्दै प्रश्न समेत गरे। यो सत्ताको उन्माद हो । उनले भने, ' अहिलेको बहुचर्चित विषय-स्वर्णिम वाग्लेले कुटु-कुटु अर्थ मन्त्रालयमा बसेर करका दर चलाएर व्यापारी पोस्यो भन्ने खालका कुरा पनि सुनिए । सांसदहरूले आफ्नो गरिमा आफै राख्नुपर्छ। हामी यस सम्मानित सदनको ओज घटाउने कामतर्फ लाग्नु हुँदैन। सुशासनको निर्मम एजेन्डा लिएर अगाडि बढेको, सुशासनप्रतिको कठोर प्रतिबद्धतालाई जनताले अनुमोदन गरेको दुई महिनामै हामी जनतालाई धोका दिन सक्छौं र ? सक्दैनौं ।

मैले आज सार्वजनिक लेखा समितिमा पनि भनेँ, एक-दुई वटा खोस्टाहरूले २ अर्बको आशंका इत्यादि भनेर लेखे। तर २ अर्ब होइन, २ रुपैयाँको बदमासी वा बेइमानी मबाट भएको छ भने म मन्त्री पद त्यागिदिन्छु। सार्वजनिक जीवन नै त्याग्न पनि म तयार छु। यही नैतिक आँट र यही नैतिक उचाइ मप्रति औंलो ठड्याउने माननीयज्यूहरूलाई पनि प्राप्त होस्, शुभकामना छ। तपाईंका काण्डका बारेमा हामी अनभिज्ञ छैनौं, ती पनि खुल्नेछन् । यो विपक्षीलाई बोल्न नदिने धम्की हो।सत्ताको मादले सबैलाई दम्भी र अहंकारी बनाउँछ भन्ने दृष्टान्त हो । अर्थमन्त्री वाग्लेले सुशासनको निर्मम एजेन्डा लिएर अगाडि बढेको बताउँदै व्यक्तिगत लाञ्छना लगाउनुअघि तथ्यमा आधारित हुन आग्रह समेत गरेका छन । विगतमा आफुले के गरेको र के भनेको थिएँ भनेर सम्झे पुग्छ। दम्भ र घमण्ड देखाउनु भन्दा यथार्थ स्वीकार गर्नु नै सुधारको बाटोमा जानू हो ।

# तीन ठाउँमा नदी नियन्त्रण योजना निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ जेठ

ऊर्जा, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीमार्फत चालु आर्थिक वर्ष म्याग्दीका तीन ठाउँमा नदी नियन्त्रण योजना निर्माण भएको छ।

अन्नपूर्ण गाउँपालिकाको पोखरेबगर, बेनी नगरपालिकाको सिंगा तातोपानी र मङ्गला गाउँपालिकाको सिममा नदी कटान र बाढी रोकथामका लागि तटबन्ध गरिएको कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर झलकमोहन ओझाले चालु आवको सालबसाली तीन वटै योजना निर्धारित समयअगावै सम्पन्न भएका जानकारी दिनुभयो । अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगर स्थित कालीगण्डकी नदी किनारमा कम्पोजिट प्रविधिको पर्खाल निर्माण भएको छ । रुप्से बिल्डर्स प्रालिले रु २७ लाख ९५ हजारमा ठेक्का पाएको यस योजनामार्फत २६ मिटर पक्की पर्खाल निर्माण भएको छ । एसके कन्ट्रक्सनले रु १४ लाख ९९ हजारमा ठेक्का पाएको बेनी नगरपालिका-४ सिंगा तातोपानी बस्ती संरक्षण योजनामार्फत माथिल्लो तातोपानी बजारस्थित खेलमैदान क्षेत्रमा तटबन्ध भएको छ । हरिवर तिवारी निर्माण सेवाले रु २६ लाख ८० हजारमा ठेक्का पाएको मङ्गला गाउँपालिका-२ सिममा म्याग्दी नदी नियन्त्रण योजना पनि सम्पन्न भएको छ । उक्त योजनामार्फत सिमस्थित म्याग्दी नदीको किनारमा ४६ मिटर दूरीमा ग्याबियन पर्खाल निर्माण भएको छ । सिमका बासिन्दा ध्रुव केसीले तटबन्ध गरेपछि कटान रोकथाम भई बस्ती र खेतीयोग्य जमिन संरक्षण भएको बताउनुभयो । तटीय क्षेत्रका बस्ती तथा खेतीयोग्य जमिनलाई कटान र बाढीबाट जोगाउन योजनालाई निरन्तरता दिनुपर्ने केसीले बताउनुभयो ।

# बागलुङ नगरपालिकाले भन्यो १५ दिनभित्र संरचना हटाऊ

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ जेठ

बागलुङ नगरपालिकाले अतिक्रमण भएको जग्गा र संरचना खोज्न थालेको छ । बागलुङ बजारसहित वडाभर सार्वजनिक जग्गा मिचिएको र अवैद्य संरचना निर्माण गरिएको विषयमा नगरपालिकाले चासो दिएको हो ।

बागलुङ नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गामा भएका अतिक्रमण हटाउन १५ दिने सूचना जारी गरेको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद शर्माले बताउनुभयो । अतिक्रमण गरी निर्माण गरिएको संरचना र अतिक्रमण जग्गा खाली गर्न निर्देशन दिँदै समयभित्र खाली नगर नगरपालिकाले भत्काउन र खाली गर्न सुरु गर्ने बताउनुभयो ।

नगरपालिकाले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै सरकारी, सार्वजनिक, ऐलानी तथा पर्ति जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि लगत संकलन गरिरहेको छ । सडक, खोला तथा सार्वजनिक जग्गा मिचेर बनाइएका संरचना नगरपालिकाले खाली गर्न आग्रह गरहेको हो । मुलुकी देवानीसंहिता, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व स्थानीय तहको भएकाले तत्काल अतिक्रमण गरिएको जग्गा तथा संरचना हटाउन सूचना जारी गरेको हो । नगरपालिकाका अनुसार विभिन्न स्थानमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी घरटहरा, पसल, पर्खाललगायत संरचना निर्माण गरिएका कारण सवारी आवागमन, सडक सुरक्षा तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा समस्या भएको भन्दै नगरपालिकाले सूचना जारी गरेको हो । पन्ध्र दिनभित्र स्व:स्फूर्त रूपमा अतिक्रमित जग्गा खाली तथा संरचना हटाउन सम्बन्धित सबै व्यक्ति, संस्था तथा घरधनीलाई अनुरोध गरिएको र त्यसो नभएमा नगरपालिका आफैंले संरचना हटाउन थाल्ने शर्माको भनाइ छ । तोकिएको अवधिभित्र अतिक्रमण हटाइएमा नगरपालिकाले प्रचलित कानुनअनुसार आवश्यक प्रक्रिया अघि बढाइ त्यस्ता संरचना हटाउने, भत्काउने वा व्यवस्थापन गर्ने कार्यमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गरिने बागलुङ नगरपालिकाकाले जनाएको छ ।

# साढे तेह्र हजार सामुदायिक विद्यालयमा सयभन्दा कम विद्यार्थी

**प्रकाश सिलवाल**
म्याग्दी, २८ जेठ/रासस

सार्वजनिक शिक्षा सुधार अभियान र विद्यालय समायोजनका कार्यक्रम जारी रहे पनि मुलुकका १३ हजार ७३६ सामुदायिक विद्यालयमा अझै सयभन्दा कम विद्यार्थी रहेको पाइएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयले बुधबार सार्वजनिक गरेको 'शैक्षिक सूचना, २०८२' मा कूल सामुदायिक विद्यालयमध्ये आधाभन्दा बढीमा एक सयभन्दा कम विद्यार्थी देखिएका छन् । सयभन्दा कम विद्यार्थी भएका सामुदायिक विद्यालयको यो सङ्ख्या कूल सामुदायिक विद्यालय २७ हजार १० को ५० दशमलव ८६ प्रतिशत हो । मन्त्रालयका अनुसार १०० देखि ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १० हजार ८६९, ५०१ देखि एक हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय एक हजार ६७०, एक हजार एकदेखि एक हजार ५०० सम्म विद्यार्थी भएका सामुदायिक विद्यालय ४६७ रहेको छ । एक हजार ५०१ देखि दुई हजारसम्म विद्यार्थी भएका सामुदायिक विद्यालय १४० र दुई हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालयको सङ्ख्या मात्र १२८ रहेको छ ।

हाल मुलुकभर ३५ हजार ९५१ कूल विद्यालयमध्ये एक हजार ८७ परम्परागत र २५ हजार ६२३ सामुदायिक विद्यालय छन् । यसमध्ये आठ हजार ९४१ संस्थागत (निजी विद्यालय) छन् । सबै विद्यालयमा गरेर कूल ७० लाख ४० हजार ८२५ विद्यार्थी छन् । मुलुकभरका सामुदायिक विद्यालयमध्ये चार हजारभन्दा बढी विद्यार्थी नौ सामुदायिक विद्यालय रहेका छन् । ती विद्यालयमा रूपन्देहीको बुटवल उपमहानगरपालिकास्थित कालिका मानवज्ञान माविमा देशभरि मै सबैभन्दा बढी आठ हजार २३९ विद्यार्थी छन् । रूपन्देहीकै तिलोत्तमा नगरपालिकाको शान्ति नमूना माविमा सात हजार १२०, बुटवल उपमहानगरपालिकाकै कान्ति माविमा छ हजार ३४ र नवीन औद्योगिक कदरबहादुर रीता माविमा पाँच हजार ३४० विद्यार्थी रहेका छन् । पन्देहीपछि काठमाडौंमा बढी विद्यार्थीभएकासामुदायिकविद्यालय छन् । काठमाडौं महानगरपालिकाको ज्ञानोदय माविमा चार हजार ७४६ र विश्वनिकेतन माविमा चार हजार ३०१ विद्यार्थी रहेको छन् । धनुषाको विदेह नगरपालिकाको जनता नमुना माविमा छ हजार २६६, मोरङको सुन्दरहरैचा नगरपालिकाको सुकुना माविमा चार हजार छ सय ४२, भक्तपुर नगरपालिकाको वागिश्वरी माविमा चार हजार १८५ र कपिलवस्तुको शिवराज नगरपालिकाको नेपाल आदर्श माविमा चार हजार ११४ विद्यार्थी रहेका छन् ।

अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण, २०८२/८३ मा भने पछिल्लो समयमा विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको जनाइएको छ । सरकारले स्थानीय तहको आवश्यकता र नक्साङ्कनका आधारमा विद्यालय समायोजना (मर्ज) को नीतिलाई अघि बढाइरहेको छ । हालसम्म ६६२ सामुदायिक विद्यालय मर्ज भइसकेका छन् । चालु आर्थिक वर्षका लागि विद्यालय समायोजन गर्न रु ४५ करोड प्रोत्साहन रकम विनियोजन गरिएको छ । मन्त्रालयमा तहको शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रका प्रवक्ता महेन्द्र पराजुलीले विद्यालय समायोजनका कार्यक्रम सञ्चालन भइरहेको र समायोजनको मापदण्डलाई परिमार्जनका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग राय मागिएको जानकारी दिनुभयो । "विद्यालय तहको सञ्चालन र व्यवस्थापन संविधानत : स्थानीय सरकारको हो । हामीले स्थानीय तहलाई दुई पटकसम्म पत्राचार गरेर समायोजनको विवरण माग गरेका छौं ।", प्रवक्ता पराजुलीले भन्नुभयो, "हामीले विद्यार्थी सङ्ख्या कम भएको अवस्थालाई मात्रै हेरेर पनि हुँदैन । कुनै विद्यालयमा कुनै वर्ष विद्यार्थी कम हुन सक्छन्, हामीले नि:शुल्क र अनिवार्य शिक्षाको दायित्वलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । सम्बन्धित स्थानीय तहले आफ्नो शैक्षिक योजना अनुसार विद्यालय सुधार वा समायोजन गर्न सक्छन् ।"

प्रधानाध्यक सङ्घ नेपाल (पान) का अध्यक्ष सुदाम गौतमले सामुदायिक शिक्षाको सुधारका लागि राष्ट्रिय नीति र योजना बनाएर रूपान्तरणमा लाग्नुपर्ने बताउनुभयो । कतिपय विद्यालयमा स्रोत साधनको अभावका विद्यार्थी भर्ना हुने स्थिति नभएकाले सरकारले स्रोत साधन र लगानीको निश्चित मापदण्ड बनाउनुपर्ने उहाँको सुझाव छ । "कतिपय विद्यालयलाई आवासीय विद्यालयका रूपमा विकसित गर्नुपर्छ । विद्यालयको निश्चित मापदण्ड बनाएर शिक्षक, समुदाय र अभिभावकलाई जिम्मेवार बनाउनुपर्छ", अध्यक्ष गौतमले भन्नुभयो, "विद्यालयका लागि शिक्षक दरबन्दी छिटो मिलान गर्नुपर्छ । त्यति गर्दा पनि भए भने समायोजन वा अन्य विकल्पमा जानुपर्छ ।" आगामी आर्थिक वर्षका बजेटमा नेपाल सरकारले गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि मुलुकभरका सामुदायिक विद्यालयको पूर्वाधार आवश्यकताको 'म्यापिङ' गर्न रु एक अर्ब विनियोजन गरेको छ ।

# मुस्ताङमा ड्रोन क्यामेरा नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ जेठ

अन्नपूर्ण संरक्षित क्षेत्र मुस्ताङमा अनुमति बिना मानवरहित ड्रोन क्यामेरा उडाउँदै गरेको अवस्थामा प्रहरीले एक भारतीय पर्यटकको ड्रोन क्यामेरा नियन्त्रणमा लिएको छ ।

मुस्ताङको घरपझोङ गाउँपालिका-३ स्याङ खोला पुल नजिकै बुधबार साँझ ५:०० बजे बिना अनुमति ड्रोन क्यामेरा उडाइरहेको अवस्थामा भेटिएपछि जिल्ला प्रहरी कार्यालय मुस्ताङले भारतीय पर्यटकको एक थान ड्रोन क्यामेरा नियन्त्रणमा लिएको जनाएको छ । भारत विहार प्रदेश वैशाखी जिल्लाका २६ वर्षीय नागरिक शिवम कुमारको डिजिएल कम्पनीको २४० ग्राम वजनको ड्रोन क्योमरा प्रहरीले नियन्त्रणमा लिएको प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले मानवरहित हवाई उपकरण ड्रोन क्यामेरा हवाई उडानसम्बन्धी कार्यविधिबमोजिम आवश्यक कारबाहीका लागि नियन्त्रणमा लिएको ड्रोन क्यामेरा नेपाल नागरिक उड्यन प्राविधिकरणको जोमसाम शाखा कार्यालयमा पठाइएको उहाँले बताउनुभयो ।

ड्रोन क्यामेरा उडान उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणमा दर्ता भएको हुनुपर्ने तथा मुस्ताङमा अन्नपूर्ण सरक्षित क्षेत्र भएकाले ड्रोन क्यामेरा उडानका लागि जिल्ला प्रशासन कार्यालय र एक्यापमो पूर्वलिखित अनुमति लिनुपर्ने हुन्छ । त्यस्तै जोमसोम विमानस्थल क्षेत्रको मापदण्डभित्र पर्ने दूरीमा ड्रोन उडाइएकाले त्यस नियमको समेत उल्लङ्घन भएको प्रहरीको भनाइ छ ।

मुस्ताङमा चलचित्र तथा डकुमेन्ट्री छायाङ्कनका लागि ड्रोन क्यामेरा प्रयोग गर्न चाहने व्यक्ति वा संस्थाले ड्रोन क्योमराको आधिकारिक दर्ता विवरण र प्रशासन र एक्यापको पूर्वस्वीकृति लिनुपर्ने छ ।

# फेदीवन जङ्गलमा आठ थान इजाजत नभएका बन्दुक भेटियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाको फेदीवन जङ्गलबाट इजाजत नभएका छ थान भरुवा बन्दुक बरामद भएको छ ।

अस्थायी प्रहरी पोष्ट चिमखोलाबाट गएको सुरक्षाकर्मी टोलीले जङ्गलमा लुकाएर राखेको अवस्थामा आठ थान एकनाले भरुवा बन्दुक बरामद गरेको हो । प्रहरी निरीक्षक सागर तिमिल्सिनाले वन्यजन्तुको अवैध चोरी-सिकारी र अपराध नियन्त्रणका लागि सञ्चालित ' ब्राबोसेरा' अभियानअन्तर्गत बन्दुक बरामद गरेर बेनी ल्याइएको जानकारी दिनुभयो ।

विसं २०८२ मङ्सिर १५ गतेदेखि सुरु भएको 'ब्राबोसेरा' अभियानमार्फत हालसम्म १५० थान इजाजत नभएका बन्दुक बरामद भएको उहाँले जानकारी दिनुभयो । ढोरपाटन सिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सामुदायिक वनमा वन्यजन्तुको चोरी-सिकारीका साथै आपसी विवाद र झैझगडामा प्रयोग हुने जोखिम भएकाले अवैध बन्दुक बरामद गर्ने अभियान चलाएको प्रहरी नायब उपरीक्षक राजन कार्कीले बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा-२९ बस्ने महेन्द्र बहादुर धर्ती मगरको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १० को कित्ता नं. १७१ को क्षेत्रफल १८३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ४४ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१, छों डाँडा एकहाते तमु समाज भवन निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : छों डाँडा एकहाते तमु समाज भवन निर्माण
उपभोक्ता समितिको नाम : छों डाँडा एकहाते तमु समाज भवन निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
उपभोक्ता समितिको अध्यक्षको नाम: राम बहादुर गुरुङ
सम्पर्क नं : ९८०४१३०४०२
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/११/०४
योजना सुरु मिति : २०८२/११/०५
योजना सम्पन्न हुने मिति : २०८२/१२/३०
सम्पन्न भएको मिति: २०८३/२/१३
महानगरपालिकाबाट : रु. ५,००,०००/-
जनसहभागिता : रु. ५६,०२४/४२
योजनाको कुल लागत : रु. ५,५६,०२४/४२

# एउटै बस्तीबाट दैनिक आठ सय लिटर दूध उत्पादन

**पोखरापत्र संवाददाता**
पर्वत, २८ जेठ



पर्वतको जलजला गाउँपालिका-८ को फर्से बस्तीबाट दैनिक ८०० लिटरभन्दा बढी दूध उत्पादन हुने गरेको छ । कालीगण्डकी करिडोरको मालढुङ्गा-बेनी खण्डमा पर्ने फर्से बस्तीबाट दैनिक करिब ८१२ लिटर दूध निर्यात हुँदै आएको हो ।

यहाँका ३६ वटा व्यावसायिक पशुपालन फार्मबाट उत्तमात्रामा दूध उत्पादन हुने गरेको छ । स्थानीय सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थामा आबद्ध कृषकले व्यावसायिक रूपमा दूध उत्पादन गर्दै आएका छन् । बजारको समस्या नभएपछि यहाँका किसान व्यावसायिक पशुपालनमा लागेका हुन् । प्रत्येक किसानले न्यूनतम पाँचदेखि ३० वटासम्म गाईभैँसीपालन गरेका छन् । दैनिक ५० देखि १०० लिटरसम्म दूध उत्पादन गर्ने किसानले बस्तीमा रहेको सङ्गम दुग्ध उत्पादक सहकारी संस्थाको सङ्कलन केन्द्रमा बिक्री गर्दै आएका छन् ।

यहाँ सङ्कलित दूध छिमेकी जिल्ला बागलुङमा रहेको दुग्ध सहकारी संस्थाले खरिद गर्दै आएको छ । उक्त संस्थाले प्रतिलिटर रु ९० देखि गुणस्तरका आधारमा रु १२५ सम्मका दरले किसानबाट दूध लिने गरेको सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका अध्यक्ष त्रिलोचन सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार दूध बिक्रीबाट वार्षिक रु तीन करोडभन्दा बढी आम्दानी हुने गरेको छ । सहकारीमा दूध सङ्कलन गर्ने किसानलाई भेटेरीनरी अस्पताल तथा पशु सेवा कार्यालयले प्रतिलिटर रु पाँचका दरले ढुवानी अनुदानसमेत दिँदै आएको छ ।

ढुवानी अनुदान पाएपछि किसानलाई सहज भएको अध्यक्ष सापकोटाले बताउनुभयो । उहाँका अनुसार दूध उत्पादक किसानलाई सहकारीले बैंक खातामा रकम भुक्तानी दिने गरेको छ । दुधालु गाईभैँसीको बिमासमेत गरिएकाले किसानको पशुधन सुरक्षित भएका सहकारीका सचिव हरेमबहादुर खत्रीले बताउनुभयो । बजारको समस्या नभएकाले र पर्याप्त मूल्य पाउने भएकाले यहाँ पशुपालन गर्नेको आकर्षण बढ्दै गएको उहाँको भनाइ छ । स्थानीय किसान राजन सापकोटाले आफूले लामो समयदेखि व्यावसायिक तरकारीखेती गर्दै आएकामा पछिल्लो समय गाईपालनतर्फ लागेको बताउनुभयो । तरकारीभन्दा गाईपालनमा कम परिश्रम र बढी मुनाफा हुने भएकाले तरकारीखेतीको विकल्प रोजेको उहाँको भनाइ छ । उहाँले मासिक रु एक लाख ५० हजारसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो ।

विगत १३ वर्षदेखि व्यावसायिक गाईपालनमा लाग्नुभएका नारायण जिसीले विदेशमा भन्दा आफ्नै माटोमा प्रशस्त आम्दानी हुने देखेपछि वैदेशिक रोजगारी छोडेको बताउनुभयो । उहाँका अनुसार दैनिक ८० लिटर दूध उत्पादन हुन्छ । पशुपालन छाडेर आठ वर्ष खाडीमुलुक साउदी अरब बस्नुभएका जिसीले फेरि फर्केर यही पेसालाई निरन्तरता दिनुभएको हो । उहाँले वार्षिक रूपमा रु २५ देखि ३० लाखसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो । रु १५ लाख लगानी गरेर व्यवसाय थाल्नुभएका जिसीले व्यवसायलाई अझै बढाउने योजना बनाउनुभएको छ । यहाँ आएर पशुपालन गर्ने हो भने कोही पनि युवायुवती विदेश जानु नपर्ने स्थानीय किसान बताउँछन् । गाईपालनसँगै व्यावसायिक तरकारीखेतीमार्फत प्रशस्त आम्दानी गर्न सकिने यहाँका किसानको अनुभव छ ।

जिल्लास्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा कार्यालयका प्रमुख सुरेशकुमार श्रेष्ठले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतिलिटर दूध ढुवानीमा रु पाँचका दरले अनुदान दिँदै आइएको बताउनुभयो । यसबाहेक चालु आर्थिक वर्षमा बृहत्तर पशु विकास कार्यक्रममार्फत रु आठ लाख कार्यालयले सहयोग गरेको छ । उक्त सहयोगले किसानले भकारो सुधार, गाईभैँसीलाई बस्ने म्याट खरिद, दूध सङ्कलनका लागि क्यानलगायत सामग्री खरिद गरेका छन् । जिल्लालाई दूध उत्पादनमा आत्मनिर्भर बनाउनका लागि कार्यालयले कृषक, पशुपालन गर्ने सहकारी र दुग्ध डेरीलाई विभिन्न प्राविधिक सहयोगका साथै अनुदानसमेत दिँदै आएको श्रेष्ठले बताउनुभयो ।

# दूधमा अनुदानवापत २१ लाख ५५ हजार वितरण

**पोखरापत्र संवाददाता**
दमौली, २८ जेठ

यहाँको आँबुखैरेनी गाउँपालिकाले स्थानीय दुग्ध उत्पादक कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरेको 'उत्पादनमा आधारित दुग्ध अनुदान कार्यक्रम' अन्तर्गत रु २१ लाख भन्दा बढी रकम वितरण गरेको छ ।

गाउँपालिकाले चालु आर्थिक वर्षको प्रथम र दोस्रो चौमासिकको अवधिमा रु २१ लाख ५५ हजार एक सय ४२ कृषकलाई वितरण गरेको हो । गाउँपालिकाभित्रका कृषकले यस अवधिमा कूल तीन लाख ५९ हजार १९० लिटर दूध उत्पादन गरेका छन् । उत्पादनका आधारमा प्रति लिटर रु छ का दरले कूल २१ लाख ५५ हजार १४२ गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले कृषकलाई हस्तान्तरण गर्नुभएको छ । अध्यक्ष चुमानले कृषकलाई उत्पादनसँग जोडेर प्रत्यक्ष लाभ दिने नीतिअन्तर्गत अनुदान वितरण गरिएको बताउनुभयो । उहाँले कृषि तथा पशुपालन क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा लिइएको उल्लेख गर्दै उत्पादन बढाउने कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । अध्यक्ष चुमानले भन्नुभयो, "कृषकले उत्पादन गरेअनुसार प्रत्यक्ष लाभ पाउने व्यवस्था गरिएकाले यसले दुग्ध उत्पादन वृद्धि गर्न थप प्रेरणा दिएको छ । रकम कृषकहरूको हातमा पुगेको छ, जसले उनीहरूको आर्थिक अवस्था सुदृढ बनाउन सहयोग पुऱ्याउने विश्वास लिएका छौँ । आगामी दिनमा उत्पादनमुखी र कृषकमैत्री कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।"

# चार पालिकामा ३० हजारलाई दादुराविरुद्धको खोप

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ जेठ

बागलुङ जिल्लाका चार पालिकामा ३० हजार बालबालिका तथा किशोरकिशोरीलाई निःशुल्क दादुराविरुद्धका खोप प्रदान गरिने भएको छ ।

गलकोट, बडिगाड, तमानखोला र निसीखोला गाउँपालिकाका बासिन्दाहरूलाई दादुराविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । आगामी असार १ गतेबाट ७ गतेसम्म पालिकाका सबै खोप केन्द्रबाट छ महिनादेखि १९ वर्षसम्मका बालबालिका तथा किशोरकिशोरीलाई उक्त खोप निःशुल्क प्रदान गरिने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ । उहाँका अनुसार दादुरा अत्यन्त सङ्क्रामक भाइरल रोग भएकाले यसको सङ्क्रमण फैलिन नदिन लक्षित क्षेत्रका सबै बालबालिकालाई अनिवार्य रूपमा खोप लगाउन जनस्वास्थ्य कार्यालयले आग्रह गरेको हो । ज्वरो, रुघाखोकी वा शरीरमा रातो बिमिरा देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्न, नियमित हात धुन, खोक्दा वा हाच्छ्युँ गर्दा मुख छोप्न तथा सरसफाइमा विशेष ध्यान दिन अनुरोध गरिएको छ ।

# बागलुङ नगरपालिकाले भन्यो १५ दिनभित्र संरचना हटाऊ

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ जेठ

बागलुङ नगरपालिकाले अतिक्रमण भएको जग्गा र संरचना खोज्न थालेको छ । बागलुङ बजारसहित वडाभर सार्वजनिक जग्गा मिचिएको र अवैद्य संरचना निर्माण गरिएको विषयमा नगरपालिकाले चासो दिएको हो ।

बागलुङ नगरपालिकाले सरकारी तथा सार्वजनिक जग्गामा भएका अतिक्रमण हटाउन १५ दिने सूचना जारी गरेको बागलुङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ईश्वरीप्रसाद शर्माले बताउनुभयो । अतिक्रमण गरी निर्माण गरिएको संरचना र अतिक्रमण जग्गा खाली गर्न निर्देशन दिँदै समयभित्र खाली नगर नगरपालिकाले भत्काउन र खाली गर्न सुरु गर्ने बताउनुभयो ।

नगरपालिकाले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै सरकारी, सार्वजनिक, ऐलानी तथा पर्ति जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका लागि लगत संकलन गरिरहेको छ ।

सडक, खोला तथा सार्वजनिक जग्गा मिचेर बनाइएका संरचना नगरपालिकाले खाली गर्न आग्रह गरहेको हो । मुलुकी देवानीसंहिता, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व स्थानीय तहको भएकाले तत्काल अतिक्रमण गरिएको जग्गा तथा संरचना हटाउन सूचना जारी गरेको हो । नगरपालिकाका अनुसार विभिन्न स्थानमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी घरटहरा, पसल, पर्खाललगायत संरचना निर्माण गरिएका कारण सवारी आवागमन, सडक सुरक्षा तथा सार्वजनिक सम्पत्तिको संरक्षणमा समस्या भएको भन्दै नगरपालिकाले सूचना जारी गरेको हो । पन्ध्र दिनभित्र स्वःस्फूर्त रूपमा अतिक्रमित जग्गा खाली तथा संरचना हटाउन सम्बन्धित सबै व्यक्ति, संस्था तथा घरधनीलाई अनुरोध गरिएको र त्यसो नभएमा नगरपालिका आफैँले संरचना हटाउन थाल्ने शर्माको भनाइ छ । तोकिएको अवधिभित्र अतिक्रमण हटाइएमा नगरपालिकाले प्रचलित कानुनअनुसार आवश्यक प्रक्रिया अघि बढाइ त्यस्ता संरचना हटाउने, भत्काउने वा व्यवस्थापन गर्ने कार्यमा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट असुल गरिने बागलुङ नगरपालिकाकाले जनाएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१, फुस्रेखोला अम्वोट फोक्सिङ कोट डाँडा सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : फुस्रेखोला अम्वोट फोक्सिङ कोट डाँडा सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : फुस्रेखोला अम्वोट फोक्सिङ कोट डाँडा सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः वेदनाथ पराजुली**
**सम्पर्क नं : ९८५६०६३०६२**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ३**
**योजना सम्झौता मिति : २०८२/११/०४**
**योजना सुरु मिति : २०८२/११/०५**
**योजना सम्पन्न हुने मिति : २०८२/१२/२५**
**सम्पन्न भएको मितिः २०८३/२/१२**
**महानगरपालिकाबाट : रु. १६,००,०००/-**
**जनसहभागिता : रु. १,७८,९५०/०६**
**योजनाको कुल लागत : रु. १७,७८,९५०/०६**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

**पोखरा महानगरपालिका वडा नं. २१, सुनारको तगारो बाटो सडक स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम : सुनारको तगारो बाटो सडक स्तरोन्नती**
**उपभोक्ता समितिको नाम : सुनारको तगारो बाटो सडक स्तरोन्नती उपभोक्ता समिति, पोखरा-२१, कास्की**
**उपभोक्ता समितिको अध्यक्षको नामः कुशल रानाभाट**
**सम्पर्क नं : ९८५६०६४६४६**
**जम्मा सदस्य संख्या : ७**
**महिला सदस्य संख्या : ४**
**योजना सम्झौता मिति : २०८२/११/१४**
**योजना सुरु मिति : २०८२/११/१५**
**योजना सम्पन्न हुने मिति : २०८३/०१/१५**
**सम्पन्न भएको मितिः २०८३/०१/१५**
**महानगरपालिकाबाट : रु. ५,००,०००/-**
**जनसहभागिता : रु. ५५,६६९/३९**
**योजनाको कुल लागत : रु. ५,५५,६६९/३९**

## संस्थाको नाउँमा रहेको गैहबैंकिङ सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रीको ७ दिने सार्वजनिक सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२९ गते**

यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-१३, को नाउँमा रहेको तपसिल बमोजिमको अचल सम्पत्ती सहकारी ऐन तथा नियमावलीले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपशिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ८औं दिनका दिन खोलिने हुँदा तपशिलमा उल्लेखित मिति, समय र संस्थाको कार्यालय पोखरा-१३ कुँडहर स्थित कार्यालयमा उपस्थित हुन समेत ईच्छुक खरिदकर्ता, बोलपत्रवाला तथा सम्बन्धित सबैलाई सूचित गरिन्छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन । बिक्री गरिने अचल सम्पत्तिको विस्तृत विवरण तपसील बमोजिम उल्लेख गरिएको छ ।

| क्र.सं. | जग्गाधनीको नाम | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३५७ | ७-१-२-१/ ३६१०.८६ व.मि. | ठुलास्वाँरा-२ (हाल मादी -०५) कास्की | मिति २०८१/१२/०६ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| २. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | ३५८ | ४-११-३-१/ २४१०.४९ व.मि. | ठुलास्वाँरा-२ (हाल मादी -०५) कास्की | मिति २०८१/१२/०६ मा लिलाम सकार दाखिला खारेज भई आएको |
| ३. | कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड | १८६ | ६-१२-०-३/ ३४३९.८९ व.मि. | ठुलास्वाँरा-३ (हाल मादी -०५) कास्की | मिति २०८१/१२/०६ मा लिलाम सकार दाखिला खारेज भई आएको |

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरु :**

१. बोलपत्र फारम यस कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय समय भित्र दस्तुर रु १,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै संस्था खुलेको दिन कारोबार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले खरिद गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा खरिद गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको न्यूनतम १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस संस्थाको नाममा खिचिएको चेक/डाफ्ट/नगद जम्मा भौचर नथ्थी शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. कुनै पनि अवस्थामा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । विक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
८. उक्त बिक्रीमा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर तथा अन्य शुल्क (पूँजीगत लाभकर बाहेक) खरिद गर्ने व्यक्ति वा पार्टी आफैंले तिर्नुपर्नेछ ।
९. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१०. बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन । साथै बोलपत्रको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
११. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।
१२. थप जानकारीका लागी मोबाईल नम्वर ९८५६०३४६६५ र ९८५६०२११२६ मा सम्पर्क गर्न आग्रह गरिन्छ ।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने |
|---|---|
| मितिः २०८३/०३/०४ गतेसम्म<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा-१३ वडा कार्यालय अगाडि)<br>समयः बिहान १०:०० बजेदेखि बेलुका ०४:०० बजेसम्म | मितिः २०८३/०३/०५ गते<br>स्थानः कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (पोखरा १३ वडा कार्यालय अगाडि)<br>समयः दिउँसो १:३० बजे |

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१३, कास्की, फोन नं. ०६१-५८५७९५, ०६१-५७६९८८, ०६१-५८०५६७**